SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM
Sancharika Samuha
FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS
Promoting Communication for Equality

११ असोज,२०७२

**प्रेस विज्ञप्ति : सञ्चार अनुगमन**

सञ्चारिका समूह नेपालले एक महिना (१ - ३१ भदौ, २०७२) मा १५ वटा राष्ट्रिय दैनिकमा गरेको सञ्चार अनुगमनले १८ जना किशोरी तथा महिलाको बलात्कार भएको देखाएको छ । अनुगमन अवधिमा बलात्कारसम्बन्धी ७३ वटा समाचार सामग्री प्रकाशित भएका थिए ।

अनुगमनमा खेलकुद र मनोरञ्जनसम्बन्धी समाचारबाहेक दैनिक पत्रिकाका समाचार, विचार तथा सम्पादकीय सामग्री समेटिएको थियो । यसमा राजधानीबाट प्रकाशित कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स्, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, सौर्य दैनिक, नेपाली दैनिक तथा द काठमाण्डु पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स, र द राइजिङ नेपाल अंग्रेजी दैनिकहरु समेटिएका थिए ।

महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई १३ वटा शीर्षकमा अनुगमन गरिएको थियो, जसमा बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य थिए ।

भदौ महिनामा हत्याका ९ वटा घटना भएका थिए र हत्यासम्बन्धी २३ वटा समाचार सामग्री प्रकाशित भएका थिए । बोक्सी आरोपको १ वटा घटना थियो र ३ वटा समाचार सामग्री प्रकाशित भएका थिए । यौन दुर्व्यवहारका ३ वटा घटना भएका थिए र १४ वटा समाचार सामग्री प्रकाशित थिए । स्वास्थ्य अधिकारहनन्का ७ वटा घटना र ७६ वटा समाचार सामग्री प्रकाशित भएका थिए । आर्थिक अधिकारसँग सम्बन्धित ३६ वटा समाचार, विचार तथा सम्पादकीय छापिएका थिए । मानव बेचबिखनसम्बन्धी ६१ र राजनितिक अधिकार हननसम्बन्धी ४६ समाचार, विचार तथा सम्पादकीय छापिएको देखिन्छ । त्यस्तै परम्परागत र धार्मिक हिंसासम्बन्धी २४ वटा समाचार सामग्री प्रकाशित भएका थिए । बहुबिवाहका ४ वटा समाचार प्रकाशित भएका थिए । घरेलु हिंसाका ३ वटा घटना भएका थिए र  १६ वटा समाचार सामग्री प्रकाशित भए । यो महिना दाईजोको सम्बन्धि कुनै समाचार सामग्री प्रकाशित भएन ।

महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका थिए । पहिलो पृष्ठमा जम्मा १७ समाचार छापिएका थिए । सबैभन्दा बढी समाचार (७० वटा) पाचौं पृष्ठमा छापिएका थिए । महिला हिंसासम्बन्धी समाचारको स्थान सन्तोषजनक थियो । अनुगमनले महिलामाथि हिंसा गर्नेमा राज्य (१५) ,परिवारका सदस्य (१३), छिमेकी (१२),  पीडक उल्लेख नभएका (१७) र  अन्य (२९) भएको देखाएको छ । सो अवधिमा महिला हिंसासम्बन्धी सम्पादकीय ८ , फोटो समाचार ५, लेख ६१, सफ्ट न्यूज ६७ तथा हार्ड न्यूज ३०२ प्रकाशित थिए । प्रकाशित समाचारमध्ये हार्ड न्यूज २८, सफ्ट न्यूज ३५ र २५ वटा लेखमा मात्र फोटो/स्केच प्रयोग गरिएको थियो ।

सञ्चारमाध्यमले महिला हिंसासम्बन्धी समाचारलाई प्राथमिकतामा राखेको छ । यो महिना समाचारको 'फलोअप' सन्तोषजनक पाइएको छ । यो महिना आर्थिक समाचारका २, स्वास्थ्यसम्बन्धी समाचारका १, बलात्कारका १, राजनीतिक समाचारका १ र मानव बेचबिखनका १ वटा 'फलोअप' समाचार प्रकाशित भएको देखिन्छ । 'हार्ड न्यूज' मा फोटोको प्रयोग कम (२८) पाइएको छ र समाचार साम्रगीमा पीडित वा पीडक कसको तस्बिर राख्ने भन्नेमा यस अघि झै स्पष्ट नीतिको अभाव नै देखिन्छ । यस महिना पीडितका ३ वटा तस्बिर छापिएका थिए भने पीडकको जम्मा १ वटा तस्बिर छापिएको देखिन्छ ।

सञ्चारिका समूहले सञ्चारमाध्यममा महिला हिंसाका समाचार कति आएका छन् ? ती समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् ? हिंसाका समाचारमा 'फलोअप' समाचार आएका छन् कि छैनन् ? समाजमा के कस्ता लैंगिक हिंसा भइरहेका छन् र ती सम्बन्धमा कस्ता समाचार सामग्री आइरहेका छन् भनेर सञ्चार अनुगमन गर्दैआएको छ ।

बिमला तुम्खेवा
सञ्चारिका समूह

P.O. Box 13293, Kathmandu, Nepal Phone: 977-1-5530192, 5551182, Fax: 977-1-5551182 Email: sancharika@wlink.com.np
Website: www.sancharika.org